# प्रेममा साँचो बोल्दै

भल्यूम १ "प्रेममा साँचो बोल्दै हामी सबै कुराहरूमा उहाँसम्म बढौं, जो शिर हुनुहुन्छ" - एफेसी ४:१५ अंक १०

## दुःख

जसले दुःख भोगेका छैनन्, त्यस्ता ख्रीष्टियनहरूमा केही न केही कमी हुन्छ। केही फूलहरू सुगन्ध दिनुअघि च्यातिन वा कुल्चिनुपर्छ। ख्रीष्टका सबै घाउहरूले मधुरता फैलाए—त्यसैगरी ख्रीष्टियनहरूका सबै दुःखहरूले पनि गर्छन्। मलाई एउटा दुःख भोगिरहेको भाइ वा बहिनी सिफारिस गर्नुहोस्, एउटा कुल्चिएको नल—मानिसको पुत्रजस्तै कोही। मेरो दृष्टिमा सबै दुःखमा केही पवित्र र मधुर कुरा हुन्छ; किनकि त्यो दुःख "दुःखका मानिस"सँग धेरै मिल्दो-जुल्दो हुन्छ। -JFH

## सुसमाचार = असल समाचार

येशू ख्रीष्टमाथिको विश्वासद्वारा उद्धार पाउनु भनेको सुसमाचार स्वीकार गर्नु हो, जसको वास्तविक अर्थ नै असल समाचार हो। सुसमाचारले भन्छ, ख्रीष्ट हाम्रा पापहरूका निम्ति मर्नुभयो, गाडिनुभयो र तेस्रो दिनमा बौराइनुभयो (१ कोरिन्थी १५:३-५)। यो समाचार या त झूट हो, या त सत्य हो। यदि यो झूट हो भने, कति अचम्मको झूट हो!

- यसले लाखौँ झूट बोल्नेहरूलाई सत्यवादी बनाएको छ।
- यसले लाखौँ चोरहरूलाई इमानदार बनाएको छ।
- यसले मदिरामा डुबेका बाबुहरूलाई मिहिनेती र प्रेमयोग्य मानिस बनाएको छ।
- यसले स्वार्थी मानिसहरूलाई उदार बनाएको छ, जसले भोकालाई आफ्नो रोटी बाँडेका छन्।
- यसले शिक्षा र विज्ञानका लागि मार्ग उज्यालो पार्ने मशालको काम गरेको छ।
- यसले अन्धाहरूलाई ज्योति, मूर्खहरूलाई बुद्धि, र निराशहरूलाई आशा दिएको छ।
- यसले सबैभन्दा पहिला पाप र स्वार्थबाट उद्धार दिएको छ, र यस जीवनका लागि मार्गदर्शक बनेको छ।

-Fellowship

## के तपाईं परीक्षित हुनुहुन्छ?

यो लेख पढ्ने धेरैजसो मानिसहरू अहिले "परीक्षा" भोगिरहेका छन्। तपाईं मानव रूपमा सहनै नसक्ने जस्तो लाग्ने कठिन परीक्षाबाट गुज्रिरहनुभएको हुन सक्छ।

एकछिन रोकिएर आफूलाई अय्यूबसँग इमानदारीपूर्वक तुलना गर्नुहोस्। अय्यूबले आफ्नो सम्पूर्ण परिवार गुमाए—सात छोरा, तीन छोरी—उनका सबै विशाल सम्पत्तिहरू र आफ्नै स्वास्थ्य गुमाए। "परीक्षा" भोग्ने व्यक्ति भनेको कस्तो हुन्छ भन्ने कुरा अय्यूबले साँच्चै देखाए।

तर अय्यूबको पुस्तक पढ्दा तपाईंले उनका धेरै कथनहरू भेट्नुहुन्छ, जसले उनको अटल विश्वास प्रमाणित गर्छन्। यहाँ एउटा वचन छ, जुन तपाईंमा पनि लागू हुन सक्छ:



*सुनारले सुन शुद्ध गर्दै*

*"तर उहाँले मेरो चालचलन जान्नुहुन्छ; जब उहाँले मलाई जाँच्नुहुन्छ, तब म सुनजस्तो भई निस्कनेछु" (अय्यूब २३:१०)*

परमेश्वरले तपाईंलाई आशीर्वाद दिनुभएको होस्, हे परमेश्वरका सन्तान। उहाँले तपाईंलाई बिर्सनुभएको छैन। तपाईं अहिले बुझ्न नसक्ने भए पनि, तपाईंका यी परीक्षाहरूमा उहाँको एउटा उद्देश्य छ। कुनै दिन तपाईंले बुझ्नुहुनेछ। उहाँमाथि भरोसा राख्नुहोस्! -JFH

## खराब विचारहरू

खराब विचारहरू सिंह र बाघभन्दा पनि खराब शत्रुहरू हुन्, किनकि तपाईं जंगली जनावरहरू-बाट टाढा रहन सक्नुहुन्छ, तर खराब विचारहरू सबै ठाउँमा पस्न सक्छन्। खराब विचारहरू तपाईंले हेर्ने कुरा, सुन्ने कुरा, पढ्ने कुराबाट सजिलै पस्न सक्छन्। अन्ततः खराब विचार आफ्नै हृदयकै उपज हुन्। जसरी भरिएको कपमा अझै केही अटाउँदैन, त्यसरी नै तपाईंको हृदयलाई असल विचारहरूले भरिराख्नुहोस्, ताकि खराब विचारहरू पस्ने कुनै ठाउँ नपाओस्।

*"तपाईंको विरोधमा मैले पाप नगरूँ भनेर मैले तपाईंको वचन आफ्नो हृदयमा लुकाइराखेको छु" (भजनसंग्रह ११९:११)।*

© 2026 WORDOFTRUTH.COM.NP

# परमेश्वरले संसारमा के गर्दै हुनुहुन्छ?

अध्याय ३ [४ मध्ये भाग २]

## शाऊलको सत्यत्याग

इस्राएललाई राजा माग्न प्रेरित गर्नुमा शैतानको आफ्नै उद्देश्य थियो। इस्राएलमा केन्द्रीय शासन नभएको समयमा उसले सम्पूर्ण राष्ट्रलाई एकैचोटि सत्यत्यागतर्फ लैजान असम्भव पाएको थियो। तर अब इस्राएलसँग राजा भएपछि केन्द्रीय सरकार स्थापित हुने थियो। यस अवस्थाले सम्पूर्ण राष्ट्रलाई एकैपटक बिगार्ने राम्रो अवसर प्रदान गर्थ्यो। यदि राजा स्वयं सत्यत्यागतर्फ गयो भने, निश्चय नै सम्पूर्ण राष्ट्र पनि त्यही बाटोमा लाग्ने थियो।

शैतानले आफ्नो आक्रमण पहिलो राजाबाटै सुरु गर्‍यो। शाऊल राजा बनेको दुई वर्षपछि उनले परमेश्वरको आज्ञा मान्न छोडे र गलत निर्णय गर्न थाले (१ शमूएल १३–१५)। आफ्ना पापका लागि हप्काइँदा उनले आफ्नो गल्ती स्वीकार गर्नुको सट्टा आफ्नै कामलाई सही ठहराउन खोजे। यी पाप र मनोवृत्तिका कारण परमेश्वरले शाऊलबाट आफ्नो आत्मा हटाउनुभयो र त्यो आत्मा दाऊदलाई दिनुभयो, जसलाई नयाँ राजाको रूपमा अभिषेक गर्न परमेश्वरले शमूएललाई निर्देशन दिनुभएको थियो (१ शमूएल १६:१–१४)।

शाऊल शैतानी प्रभावमा परे (१ शमूएल १६:१४) र उनको जीवनमा तीनवटा दुःखद गुण देखा परे: अत्यधिक आत्मकेन्द्रितता, पागलपनजस्तो डाह, र पूर्ण सत्यत्याग (१ शमूएल १६:१४–२८:२; २६–३०)। जब पलिस्तीहरू इस्राएलसँग लडाइँ गर्न आए, तब परमेश्वरले शाऊलको मार्गदर्शनको अनुरोधलाई उत्तर दिनुभएन। त्यसको परिणामस्वरूप शाऊलले शैतानको राज्यका एक सदस्य—भूतप्रेत खेलाउने स्त्रीसँग सहारा मागे (१ शमूएल २८:३–२५)। शाऊलको सत्यत्यागका कारण उनी र उनका छोराहरू युद्धमा मारिए, र इस्राएल पलिस्तीहरूको अधीनमा पर्‍यो (१ शमूएल ३१)। यसरी मृत्यु र पराजयद्वारा परमेश्वरले सत्यत्यागको यो नयाँ खतराको अन्त्य गर्नुभयो।



*शाऊल भूतप्रेत खेलाउने स्त्रीको सहारा माग्दै*

## दाऊदसितको करार

दाऊदले इस्राएलको राज्यलाई एक बनाई, यरूशलेम जितेर त्यसलाई राष्ट्रको राजधानी र आराधनाको केन्द्र बनाए, र इस्राएलमाथिको पलिस्तीहरूको शासन अन्त्य गरेपछि (२ शमूएल १–६), उनले यरूशलेममा परमेश्वरका लागि स्थायी भवन बनाउने इच्छा गरे (२ शमूएल ७:१–२)। त्यो भवन मन्दिर कहलिन्थ्यो।

दाऊदको यस इच्छाको प्रत्युत्तरमा परमेश्वरले उनीसँग एक विशेष करार गर्नुभयो (२ शमूएल ७:१२–१६)। यस करारमा प्रभुले दाऊदका विषयमा निम्न प्रतिज्ञाहरू गर्नुभयो: पहिलो, दाऊदलाई सन्तान हुनेछ भन्ने प्रतिज्ञा दिइयो। करारले स्पष्ट रूपमा भन्छ कि दाऊदको एक छोरा हुनेछ र दाऊदको घराना सधैं स्थापित रहनेछ। यसले दाऊदका शारीरिक सन्तानहरूलाई जनाउँछ, किनकि दाऊदको वंश नै सधैं राजकीय वंश रहने थियो। दोस्रो, दाऊदको सिंहासन सधैँका लागि स्थापित गरिने थियो। तेस्रो, दाऊदको राज्य पनि सधैँका लागि स्थापित गरिने थियो। यसले इस्राएलमाथिको पृथ्वीमा रहेको राजनीतिक राज्यलाई जनाउँछ।

पछि आएको ईश्वरीय प्रकाश र ऐतिहासिक घटनाहरूले "सधैँ" (२ शमूएल ७:१६) भन्ने शब्दबाट परमेश्वरको अभिप्राय के थियो भन्ने कुरा स्पष्ट गर्‍यो। यसको अर्थ इतिहासको अन्त्यसम्म कनान देशमा दाऊदको सन्तान नै राजा भएर इस्राएलको राज्य निरन्तर राजनीतिक राज्यको रूपमा बिना अवरोध चलिरहनेछ भन्ने होइन। परमेश्वरको अभिप्राय यो थियो कि दाऊदको वंश इतिहासको बाँकी समयभर अस्तित्वमा रहिरहनेछ। त्यसकारण, इतिहासको अन्त्यतिर परमेश्वरले संसारमा आफ्नो राज्यको ईश्वरीय (थियोक्रेटिक) स्वरूप स्थापना गर्ने बेला आउँदा, दाऊदको एक शारीरिक सन्तान उपलब्ध हुनेछ, जसले कनान देशमा इस्राएलको दाऊदी राज्य स्थापना गर्नेछ, दाऊदकै अधिकारसहित त्यस राज्यमा शासन गर्नेछ, र परमेश्वरका लागि सम्पूर्ण संसारलाई शासित गर्नेछ।

यी प्रतिज्ञाहरूले परमेश्वरको राज्य र शैतानको राज्यबीचको संघर्षमा दाऊदी करारलाई अत्यन्त महत्वपूर्ण बनायो। यसले देखाउँछ कि इतिहासको कुनै

पनि समयमा इस्राएल कहिल्यै पूर्ण रूपमा नष्ट हुने थिएन। इस्राएलसँग सधैँ सिंहासनका लागि वैध उत्तराधिकारी रहनेथियो, र फेरि पृथ्वीमा राजनीतिक राज्य बन्न सक्ने सम्भावना पनि रहिरहनेथियो। पछि भविष्यवक्ताहरूलाई दिइएको प्रकाशले उद्धारकर्ता दाऊदकै वंशबाट आउनुहुनेछ भन्ने कुरा प्रकट गऱ्यो, र दाऊदी करारका प्रतिज्ञाहरू अन्ततः उहाँमै पूरा हुनेछन्। यी सबै कुरालाई हेर्दा, शैतानका लागि दाऊदको राजकीय वंश नष्ट गर्नु अत्यन्तै आवश्यक भयो।

## दाऊदका दुःख–कठिनाइहरू

परमेश्वरले दाऊदलाई प्रयोग गरेर इस्राएललाई यसको पुरानो स्वर्ण युगमा पुऱ्याउनुभयो (२ शमूएल ८; १०)। दाऊद र इस्राएलले धेरै विजयहरू अनुभव गरिरहेका बेला शैतानले फेरि आक्रमण गर्ने समय आयो। राष्ट्र र राजकीय वंश उसका लक्ष्य भएकाले सुरु गर्ने सबैभन्दा उपयुक्त स्थान स्वयं राजा नै थियो। दाऊदले व्यभिचार र हत्या गरे (२ शमूएल ११)।

परमेश्वरले दाऊदलाई अन्ततः रोएर पश्चात्ताप गर्नुपरेसम्म अत्यन्त दुःखी अवस्थामा राख्नुभयो (भजनसंग्रह ५१)। दाऊदले पश्चात्ताप गरेपछि परमेश्वरले कृपापूर्वक क्षमा गर्नुभयो। तर दाऊद र



*दाऊदको पश्चात्ताप*

इस्राएलले उद्धारकर्ताको आगमनमा अत्यन्त महत्वपूर्ण भूमिका खेल्नुपर्ने भएकाले, यस्ता पापहरूको परिणामबारे शिक्षा दिन आवश्यक थियो। त्यसैले परमेश्वरले दाऊद र राष्ट्रमाथि गम्भीर कष्टहरू ल्याउनुभयो (२ शमूएल १२–२०)। यसरी परमेश्वरले दाऊदका विकृत कामहरू सम्पूर्ण राष्ट्रमा फैलिन दिनुभएन।

शैतानले फेरि आक्रमण गऱ्यो, दाऊदलाई राष्ट्रको सैन्य जनगणना गर्न उक्साएर (१ इतिहास २१)। यो गणना पाप थियो भन्ने कुरा स्पष्ट हुन्छ, किनकि दाऊद घमण्डले प्रेरित भएका थिए र परमेश्वरमाथि भरोसा गर्नुको सट्टा इस्राएलको सैनिक शक्तिमा निर्भर हुन खोजेका थिए। परमेश्वरले यही घमण्ड र गलत भरोसाको मूलमा प्रहार गर्नुभयो र महामारीद्वारा इस्राएलका ७०,००० मानिसहरू नष्ट गर्नुभयो। दाऊदले पश्चात्ताप गरी परमेश्वरलाई बलि चढाएपछि त्यो महामारी रोकियो। यसरी परमेश्वरले राजा र राष्ट्रमा रहेको यस शैतानी पापको अन्त्य गर्नुभयो र उनीहरूलाई आफ्नो वास्तविक सामर्थ्यको स्रोत सम्झाउनुभयो।

साभार: What On Earth Is God Doing by Renald Showers

*(क्रमशः आगामी अंकमा)*

## कमजोर ख्रीष्टियनको स्पष्ट चिन्ह

कमजोर ख्रीष्टियनहरूलाई चिनाउने धेरै चिन्हहरू मध्ये एउटा यस्तो छ, जुन कुनै पनि रूपमा स्वीकार्य छैन र अत्यन्त दुःखद छ। त्यो हो—आफ्नै असफलताका लागि अरू कुनै ख्रीष्टियनलाई दोष दिनु! (अरूलाई आफू र ख्रीष्टको बीचमा आउन दिनु आत्मिक अपरिपक्वताको चिन्ह हो।)

आफूलाई बलियो र परिपक्व ख्रीष्टियन ठान्ने विश्वासीहरू समेत प्रायः यही बहाना प्रयोग गर्छन्—आफ्ना पापहरूको दोष अरूमाथि थोपरेर त्यसैलाई पापको औचित्य ठहराउँछन्। परमेश्वरको दृष्टिमा दुवै पक्ष दोषी छन् भन्ने कुरामा कुनै शंका छैन।

अरू कसैले पाप गर्छ भनेर आफैं पनि पाप गर्नुको सट्टा, बलियो ख्रीष्टियनले गलाती ६:१ अनुसार व्यवहार गर्नुपर्छ—कमजोर भाइलाई प्रभुसँगको सङ्गतिमा पुनःस्थापित गर्दै।

सम्झनुहोस्, पाप भनेको पाप नै हो र यसले प्रभुसँगको सङ्गति तोड्छ। त्यो पापसँग व्यवहार नगरिएसम्म, साँचो पश्चात्तापसहित स्वीकार नगरिएसम्म, र जहाँ सम्भव छ त्यहाँ क्षतिपूर्ति नगरिएसम्म, परमेश्वरको दृष्टिमा स्वीकार्य आराधना हुँदैन र प्रार्थनाको उत्तर पनि प्राप्त हुँदैन।

आफ्नै विचारका आधारमा परमेश्वरका सिद्धान्तहरू निर्धारण गर्ने प्रयास नगर्नुहोस्, किनकि ती विचारहरू प्रायः तपाईंको शारीरिक इच्छाअनुसार ढालिएका हुन्छन्। -DEM

## परमेश्वरलाई पछ्याउने मूल्य

परमेश्वरलाई पछ्याउन अब्राहामलाई आफ्नो एक्लो छोरालाई समर्पण गर्न तयार हुनुपर्ने मूल्य चुकाउनुपर्‍यो।

एस्तरलाई आफ्नो जीवनको जोखिम उठाउनुपर्ने भयो।

दानियल सिंहहरूको खोरमा हालिए।

शद्रक, मेशक र अबेद-नेगो आगोको भट्टीमा हालिए।

स्तिफनसलाई ढुंगाले हानेर मारियो।

पत्रुसले शहीदको मृत्यु भोगे।

येशूलाई आफ्नो जीवन नै दिनुपर्‍यो।

***के तपाईंलाई परमेश्वरलाई पछ्याउन केही मूल्य चुकाउनु परेको छ?***



*सिंहको खोरमा दानियल*

## जीवनको सबैभन्दा महत्वपूर्ण निर्णय गर्नु

बाइबल अद्भुत प्रतिज्ञाहरूले भरिएको छ, तर ती प्रतिज्ञा-हरू व्यक्तिगत रूपमा आफ्नो बनाउन प्रत्येक व्यक्तिले येशूलाई उद्धारकर्ताको रूपमा ग्रहण गर्नुपर्छ। यी प्रतिज्ञाहरू तपाईंका कसरी बन्न सक्छन्? बाइबलले भन्छ—हामीले यी कुराहरू गर्नुपर्छ...

**जान्नुहोस्:** हामी केवल असल बन्न खोजेर, आफ्नो सक्दो गरेर, वा कुनै सामाजिक वा धार्मिक संस्थामा सामेल भएर उद्धार पाउन सक्दैनौं। परमेश्वरले भन्नुभएको छ—असल कामहरूले उद्धार गर्दैन (एफेसी २:८–९)।

**ग्रहण गर्नुहोस्:** हामी परमेश्वरको धर्ममय न्यायका योग्य दोषी पापी हौं, र प्रभु येशू ख्रीष्टलाई व्यक्तिगत मुक्तिदाताको रूपमा ग्रहण नगरेसम्म पूर्ण रूपमा हराएका छौं (रोमी १०:९–१०)।

**विश्वास गर्नुहोस्:** ख्रीष्टले अधर्मी-हरूका लागि मर्नुभयो भन्ने शुभ समाचारमा विश्वास गर्नुहोस् (रोमी ५:८)। उहाँ तपाईंका लागि मर्नुभयो र कलवरीको क्रूसमा रगत बहाई आफ्नो मृत्युद्वारा तपाईंको पापको ऋण तिर्नुभयो। ख्रीष्ट मृतक-बाट पुनर्जीवित हुनुभयो र अब विश्वाससहित उहाँकहाँ आउने सबैलाई उद्धार गर्न जीवित हुनुहुन्छ (हिब्रू ७:२५)।

**परमेश्वरतर्फ मन फर्काएर पुकार्नुहोस्:** आफ्ना पापहरूबाट मुक्ति पाउन प्रभु येशू ख्रीष्टलाई इमानदारीपूर्वक पुकार्नुहोस्। किनकि परमेश्वरले प्रतिज्ञा गर्नुभएको छ—“प्रभुको नाम पुकार्ने हरेकले मुक्ति पाउनेछ” (रोमी १०:१३)।

**भरोसा राख्नुहोस्:** आफ्ना भावनामा होइन, परमेश्वरको निश्चित प्रतिज्ञामा भरोसा राख्नुहोस्। त्यसपछि उहाँलाई आफ्नो प्रभु र मुक्तिदाता भनेर खुलेर स्वीकार गर्नुहोस् (रोमी १०:९–१०)।

## प्रभुमा विवाह गर्नु

ख्रीष्टियनलाई अविश्वासीहरूसँग असमान जुवामा नजोडिन आदेश दिइएको छ (२ कोरिन्थी ६:१४)। त्यसैले कुनै ख्रीष्टियनले साँचो ख्रीष्टियन नभएको व्यक्तिसँग विवाह गर्नु परमेश्वरद्वारा जोडिएको विवाह होइन। “प्रभुमा” विवाह गर्नु (१ कोरिन्थी ७:३९) भनेको यस गम्भीर कदममा उहाँको प्रभुत्व र अधिकारलाई स्वीकार गर्नु हो (लूका ६:४६ पनि हेर्नुहोस्)। यसको अर्थ, प्रभुले मेरो लागि चुन्नुभएको व्यक्तिसँग विवाह गर्नु हो।

यसकारण सम्झनुहोस्—दुई व्यक्ति ख्रीष्टियन हुनु मात्रै तिनीहरूको आपसमा विवाह गर्नु परमेश्वरको इच्छाअनुसार हुन्छ भन्ने प्रमाण होइन। परमेश्वरको मन बुझ्ने पहिलो र सबैभन्दा आवश्यक कदम भनेको यस विषयमा आफ्नै इच्छा नहुनु हो। जब हाम्रो आफ्नै इच्छा निष्क्रिय हुन्छ, तब परमेश्वरले आफ्नो “असल, ग्रहणयोग्य र सिद्ध इच्छा” हामीलाई देखाउनुहुन्छ—जसलाई प्रमाणित गर्न हामीलाई आग्रह गरिएको छ (रोमी १२:२)।

म परमेश्वरबाट हराएको र टाढा रहेको एक पापी हुँ भन्ने कुराको महसुस गर्दै, म यो विश्वास गर्दछु कि येशू ख्रीष्ट पापीहरूका लागि मर्नुभयो, यसैले उहाँ मेरो मुक्तिदाता बन्नका लागि उहाँ मेरो लागि मर्नुभयो र बौरेर उठ्नुभयो। यसैले म विश्वासैद्वारा उहाँलाई मेरो मुक्तिदाता र बौरिउठ्नु-भएको मेरो प्रभु हुनका लागि उहाँलाई मेरो हृदयमा अहिले नै ग्रहण गर्दछु। यसो गरेर म वास्तवमै विश्वास गर्दछु कि उहाँले मलाई बचाउनुभएको छ र म अब परमेश्वरको सन्तान हुँ।

नाम ____________________

मिति ____________________

सम्पर्क: नारायणगढ चर्च, लायन्स चोक, भरतपुर-२, चितवन ✦ 9855071310